सभाबाट स्वीकृत मिति - २०७९/११/२६

प्रमाणिकरण मिति - २०७९/१२/०७

# बजार अनुगमन सम्बन्धि ऐन,२०७९

## इटहरी उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## प्रस्तावनाः

नेपालको संविधान, २०७२ को अनुसूची-८, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम उपभोक्ता हित संरक्षणार्थ उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्तालाई संरक्षण प्रदान गर्न, वस्तु तथा सेवाको उत्पादन स्थल, ढुवानी मार्ग, भण्डारण तथा संचय स्थल, थोक तथा खुद्रा विक्रि स्थल र उपभोग स्थल लगायतका ठाउँहरूमा वस्तु वा सेवा प्रदायक वा बिक्रेताको व्यवसायिक कारोवारको दर्ता, नवीकरण, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको नियमनगर्न तत्काल इटहरी उप-नगरपालिकाबाट नियमित रुपमा प्रभावकारी बजार अनुगमन गर्न आवश्यक भएकोले यो ऐन स्वीकृत गरी जारी गरिएको छ ।

# परिच्छेद-१

## प्रारम्भिक

### १.संक्षिप्त नाम र प्रारम्भः

१. यस ऐनको नाम "इटहरी उप-नगरपालिकाबाट गरिने बजार अनुगमन सम्बन्धि ऐन, २०७९" रहेको छ ।

२. यो ऐन नगरकार्यपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

### २.परिभाषाः-

१. विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क. "अनुगमन टोली" भन्नाले कार्यालयले विशेषज्ञ सहित गठन गरेको बजार अनुगमन टोली सम्झनु पर्दछ।

ख. "उपभोक्ता हित संरक्षण समिति" भन्नाले इटहरी उप-नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा गठित समिति बुझ्नु पर्दछ ।

ग. "कार्यालय" भन्नाले इटहरी उप-नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

घ. "प्रदायक" भन्नाले वस्तु वा सेवाको उत्पादक, आयातकर्ता, भण्डारण वा विक्रिवितरण गर्ने व्यक्ति वा संस्था सम्झनु पर्दछ ।

ङ. "वस्तु" भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तुको संमिश्रणबाट बनेको पदार्थ सम्झनु पर्दछ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ्ग, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

च. "विक्रेता" भन्नाले वस्तु वा सेवाको उत्पादक, पैठारीकर्ता, थोक वा खुद्रा विक्रेता, सेवा प्रदायक सम्झनु पर्दछ । सो शब्दले होटल, लज, होष्टेल, खाजाघर संचालक आदिलाइ समेत जनाउने छ ।

छ. "स्थानीय सरकार" भन्नाले इटहरी उप-नगरपालिकालाई सम्झनु पर्दछ ।

ज. "नगरपालिका" भन्नाले इटहरी उप-नगरपालिकालाइ जनाउने छ ।

झ. "न्यायिक समिति" भन्नाले इटहरी उप-नगरपालिकाको न्याय सम्पादनको लागि गठित न्यायिक समितिलाई जनाउने छ ।

ञ. "सेवा" भन्नाले व्यवसायिक सेवा, संचार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शिक्षा सेवा, वातावरणीय सेवा, वित्तिय सेवा, स्वास्थ्य र सामाजिक सेवा, पर्यटन सेवा, मनोरञ्जन तथा खेलकुद सेवा, यातायात सेवा लगायतका दस्तुर वा पारिश्रमिक लिई वा नलिई प्रदान गरिने सम्पूर्ण सेवाहरू सम्झनु पर्दछ ।

ट. "समिति" भन्नाले उपभोक्ताहित संरक्षण समिति भन्ने सम्झनु पर्दछ ।

ठ. "प्रमुख" भन्नाले कार्यालयको प्रमुख सम्झनु पर्छ ।

# परिच्छेद-२

# उपभोक्ता हित संरक्षण समिति

**३. उपभोक्ता हित संरक्षण समितिः-**

१. उपभोक्ताको हित संरक्षण सम्बन्धी बिषयमा आवश्यक नीतिगत ब्यवस्था गर्न तथा बजार अनुगमन कार्यलाई मार्गदर्शन एंव समन्वयको लागि इटहरी उप-नगरपालिकाले उपभोक्ता हित संरक्षण समितिको गठन देहाय अनुसार हुनेछः

| | | |
|---|---|---|
| (क) | इटहरी उप-नगरपालिकाका उपप्रमुख | -संयोजक |
| (ख) | उपमहानगरपालिकाको कार्यपालिका सदस्य | - सदस्य |
| (ग) | जिल्ला प्रशासन कार्यालयका अधिकृत वा प्रतिनिधी | - सदस्य |
| (घ) | उद्योग बाणिज्य संघको प्रतिनिधि एकजना | - सदस्य |
| (ङ) | इटहरी उपमहानगरपालिका क्षेत्र भित्र उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरु मध्येबाट दुई जना | - सदस्य |
| (च) | कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख | - सदस्य सचिव |

२. उपदफा (१) को बमोजिमको टोलीमा खाद्य \ गुणस्तर \ औषधि \ जनस्वास्थ्य \ उद्योग\बाणिज्य \ भेटेनरी \ राजश्व \ कृषि \ पशु \ वातावरण \ सवारी साधन\मेशिनरी औजार हेर्ने शाखा प्रमुखलाई तथा सम्बन्धित अन्य कार्यालयहरुबाट प्रतिनीधिहरुलाई आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा बोलाइनेछ र नीजहरु क्षेत्रगत रुपमा अनुगमन गर्न जादामात्र सदस्य रहनेछन ।

३. उपदफा (१) को बमोजिमको टोलीमा स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरी तथा नगर प्रहरी) को प्रतिनीधिहरुलाई आवश्यकता अनुसार आमन्त्रित सदस्यको रुपमा बोलाइनेछ ।

**४. उपभोक्ता हित संरक्षण समितिका काम कर्तब्य र अधिकारः-**

१. उपभोक्ता हित संरक्षण समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. उपभोक्ता हित संरक्षणको लागि आबश्यक नीतिगत ब्यवस्था गर्ने ।

ख. अत्यावश्यक बस्तुहरुको माग र आपूर्तिको अवस्था सम्बन्धी तथ्याङ्क संकलन र मागको प्रक्षेपण गर्ने,

ग. समितिले यस ऐनको दफा (७) को उपदफा १ अनुसार गठित अनुगमन टोलीद्वारा उपदफा ५ को फारममा उल्लेख भए अनुसार प्रस्तुत गरेको बजार अनुगमन सम्बन्धी प्रतिवेदन माथि विश्लेषण गरी आवश्यक निर्देशन दिने,

घ. उपभोक्तको हित संरक्षण गर्न आपूर्ति व्यवस्था र उपभोग्य वस्तु वा सेवाको छड्के अनुगमन गर्ने,

ङ. बजार अनुगमन सम्बन्धी कामको मूल्याङकन गर्ने र टोलीलाई आवश्यकता अनुसार मार्ग दर्शन गर्ने,

च. नगरपालिकाले दिएको अन्य निर्देशन र आदेशको कार्यान्वयन गर्ने\गराउने ।

छ. उपभोक्ता हित विपरित कार्यमा आवश्यक कानूनी कारवाहीको लागि निरीक्षण वा अनुसन्धान अधिकृत तोक्ने ।

**५. उपभोक्ता हित संरक्षण समितिको बैठक सम्बन्धी ब्याबस्थाः-**

१. उपभोक्ता हित संरक्षण समितिको बैठक महिनामा एक पटक अनिवार्य रूपमा बस्नु पर्नेछ । समितिको बैठकले आफ्नो ऐनतथा एजेण्डा आँफैतयार गर्नेछ ।

२. उपदफा १ बमोजिम वैठक वस्दा कम्तिमा दुई दिन अगाडि वैठकको विषय सहितको सूचना सदस्यहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद -३

## बजार अनुगमन सम्बन्धी व्यवस्था

**६. अनुगमन सम्बन्धि कार्यः-**

१. वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल लगायतका व्यापारिक क्रियाकलापलाई उपभोक्ता मैत्री बनाउन नगरपालिकाले निम्न व्यवस्था गर्ने पर्नेछः-

(क) गुणस्तरीय उपभोग्य वस्तु तथा सेवाको सहज र सर्वसुलभ आपूर्ति हुने वातावरणको सुनिश्चितता सहित उपभोक्ताको हक र हितको संरक्षण गर्न कार्यालयमा उपभोक्ता हित संरक्षण शाखाको व्यवस्था गरी नियमित र प्रभावकारी बजार अनुगमनको व्यवस्था गर्ने,

(ख) बजार प्रणालीलाई प्रतिस्पर्धी र उपभोक्ता प्रति जिम्मेवार तुल्याउन प्रचलित कानूनको कार्यन्वयनमा जोड दिने,

(ग) उपभोक्ता शिक्षा सम्बन्धी सचेतना र बजार अनुगमनको कार्ययोजना तयार गरी उपभोक्ता हित संरक्षणको विषयलाई विशेष प्राथमिकतामा राख्ने,

(घ) उपभोक्तालाई सचेत र जागरूक तुल्याउन वडा समितिको कार्यालयदेखि नै उपभोक्ता सचेतना लगायतका कार्यक्रमहरु संचालन गर्ने,

(ङ) नगरपालिका अन्तर्गत स्थापित वा संचालित उद्योग व्यवसायको दर्ता, नविकरण, बिल विजक तथा बिक्रीको लागि राखिएका मालवस्तु, नापतौल, गुणस्तर, लेबल, आपूर्ति, आदिको अनुगमन गर्ने,गर्न लगाउने,

(च) तरकारी, फलफूल, माछा, मासु, मिठाई पसल, डेरी, होटल लगायतका खाद्य वस्तुको बिक्री स्थलको मापदण्ड तोक्ने र छुट्टै फलफूल तथा तरकारी बजार र वधशालाको व्यवस्था गर्ने,

**७. बजार अनुगमन टोलीको गठनः-**

१. वस्तु वा सेवा प्रदायक व्यवसायको दर्ता, नविकरण, आपुर्ति, मुल्य, नापतौल, विज्ञापन लगायत व्यापारिक त्रियाकलापको नियमित एंव आकस्मिक अनुगमनको लागि नगरपालिकाले बजार अनुगमन टोली गठन हुने अनुगमन टोलीमा देहाय बमोजिमको पदाधिकारीहरु रहनेछनः

(क) कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा प्रमुख - संयोजक

(ख) कार्यालयको राजस्व शाखाको प्रतिनिधि - सदस्य

(ग) इटहरी उपमहानगरपालिका क्षेत्र भित्र उपभोक्ता हित संरक्षणमा क्रियाशिल संस्था वा ब्यक्तिहरु मध्येबाट मनोनित एक जना - सदस्य

(घ) उद्योग वाणिज्य संघको नगर स्तरीय प्रतिनिधि एक जना सदस्य - सदस्य

(ङ) कार्यालयको खाद्य निरीक्षक -सदस्य-सचिव

२. उपदफा (१) को बमोजिमको टोलीमा खाद्य \ गुणस्तर \ औषधि \ जनस्वास्थ्य \ उद्योग\बाणिज्य \ भेटेनरी \ राजश्व \ कृषि \ पशु \ वातावरण \ सवारी साधन\मेशिनरी औजार \ नगर प्रहरी तथा अन्य आवश्यक शाखा हेर्ने शाखा प्रमुखलाई आमन्त्रित सदस्यको रुपमा बोलाइनेछ र नीजहरु क्षेत्रगत रुपमा अनुगमन गर्न जादामात्र सदस्य रहनेछन साथै कानुनी मामिला शाखा र उपभोक्ता हित संरक्षण शाखाको कर्मचारीहरुले आवश्यकता अनुसार बजार अनुगमन टोलिलाई बजार अनुगमन कार्यमा सहयोग पुर्याउन सक्नेछ।

३. अनुगमन टोलीमा कम्तीमा पाँच जना प्रतिनिधि संलग्न भइ बजार अनुगमन सम्बन्धी कार्य गरिने छ ।

४. उपदफा (१) बमोजिमको संयोजक बिदा बसेको वा कुनैकारणवश अनुपस्थित भएको अवस्थामा निजको कामकाज गर्ने गरी तोकिएको अन्य कुनै अधिकृतवा कर्मचारीले अनुगमन टोलीको संयोजकको रुपमा काम गर्नेछ ।

५. उपभोक्ता हित संरक्षण हेर्ने शाखाले अनुसुचि- १ बमोजिमको ढाँचामा बजार अनुगमनको एकीकृत रुपमा मासिक प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।

**८. बजार अनुगमन टोलीको काम, कर्तव्य र अधिकारः-**

१. दफा ७ को उपदफा (१) बमोजिम गठित बजार अनुगमन टोलीले प्रचलित कानून बमोजिम देहाय अनुसारका कार्यहरू गर्नुपर्नेछः-

क. बजार अनुगमनको पूर्व कार्य योजना र मासिक अनुगमन कार्यतालिका बनाई स्वीकृतीको लागि समितिमा पेश गर्ने,

ख. स्वीकृत कार्ययोजना बमोजिम नियमित रूपमा बजार अनुगमन गर्ने र आवश्यकता बमोजिम आकस्मिक वा विशेष अनुगमन गर्ने,

ग. वस्तु वा सेवाको दर्ता, आपूर्ति, मूल्य, गुणस्तर, नापतौल, विज्ञापन लगायतका व्यापारिक क्रियाकलापको अनुगमन गर्ने,

घ. कालोबजारी, एकाधिकार (सिन्डिकेट), मिलीमतोपूर्ण भाउ निर्धारण (कार्टेलिङ्ग), कृत्रिम अभाव तथा बजार प्रवेशमा अवरोध गर्ने जस्ता गैर प्रतिस्पर्धी व्यापारिक क्रियाकलाप भए\नभएको अनुगमन गर्ने,

ङ. कुनै वस्तुको अनुचित व्यापारिक क्रियाकलाप (मिसावट\गुणस्तरहिन) कम तौल भएको देखिएमा\भेटिएमा आवश्यकता अनुसार त्यस्ता वस्तु जफत गर्ने, नष्ट गर्ने, कारोवार रोक्का गर्ने वा बन्द गर्ने लगायतका कार्य गर्ने,

च. उपभोक्ता हित संरक्षण समितिबाट समय-समयमा दिइएका निर्देशन एवं आदेश बमोजिमका कामहरू गर्ने ।

छ. संपन्न बजार अनुगमन प्रतिवेदन सोहि दिन कार्यालयमा पेश गर्नु पर्नेछ ।

२. उपनियम (१) को खण्ड (छ) बमोजिमको प्रतिवेदन सम्भव भएसम्म अनुगमनको कार्य सकिएको दिन वा सम्भव नभए सोको कारण सहित तीन दिनभित्र अनिबार्य पेश गर्नु पर्नेछ ।

**९. अनुगमन गरिने वस्तुको वर्गिकरणः-**

१. नगरपालिकाले अनुसूची-२ मा उल्लेखित वस्तु र सेवाको अनुगमन गर्न उपभोक्ता हित संरक्षण हेर्ने शाखालाई लिखित कार्य विवरण तोक्नु पर्नेछ ।

२. अनुगमन टोलिले दैनिक बजार अनुगमन गर्दा प्रयोग गर्ने फारामको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

**१०. बजार अनुगमनः-**

१. बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा निम्न विषयमा विशेष ध्यान दिनु पर्नेछः

(क) बिक्रेता वा सेवा प्रदायकले नियामक निकायबाट कानून बमोजिम प्रदान गरिने गरेको व्यवसाय दर्ता प्रमाण-पत्र, स्थायी लेखा नम्बर (VAT) को प्रमाण-पत्र, खाद्य अनुज्ञा-पत्र, औषधी पसल दर्ता प्रमाण-पत्र लगायतका आवश्यक कागजातहरु लिएको छ\छैन हेर्ने । साथै प्रमाणपत्र नियमिति रुपमा नविकरण भए\नभएको हेर्ने । प्रमाणपत्र नलिएको वा नविकरण गरेको नदेखिएमा बढीमा ७ दिन भित्र सो कार्य गरी कार्यालयमा पेश गर्न लिखित निर्देशन दिने ।

(ख) बिक्रेता वा सेवा प्रदायकले आफ्नो व्यवसायको साइनबोर्ड राखेको छ\छैन हेर्ने । नराखेको भए ३ दिनभित्रमा राखि कार्यालयमा जानकारी दिन लिखित निर्देशन दिने ।

(ग) प्रदायकले वस्तुको विक्रि कक्षमा मूल्य सूची राखेको छ \छैन हेर्ने । नराखेको भए ३ दिन भित्रमा राखि कार्यालयलाई सो को जानकारी दिन लिखित निर्देशन दिने ।

(घ) माल, वस्तुको परिमाण, मूल्य, गुणस्तर र तौल ठिक छ \छैन हेर्ने,

(ङ) प्याकेजिङ्ग गरिएको वस्तुको लेबलमा उत्पादक वा पैठारीकर्ताको नाम, उत्पादन मिति, उपभोग्य अवधि वा मिति, अधिकतम खुद्रा मूल्य, मिश्रण, भण्डारण र उपभोग गर्ने तरिका उल्लेख गरिएको छ\छैन हेर्ने,

(च) औषधि वा औषधियुक्त पदार्थ भए सो को प्याकिङ्ग प्रयोग गर्ने तरिका उल्लेख छ\छैन हेर्ने । औषधीविज्ञ (फार्मासिष्ट) औषधी बिक्री स्थलमा भए\नभएको एवं औषधि विक्रेता प्रमाणपत्र समेत हेर्ने ।

(छ) उपभोग्य मिति नाघेको औषधी, प्रशोधित पानी, विस्कुट, पाउरोटी लगायतका खाद्य तथा उपभोग्य वस्तुहरू फेला परेमा नष्ट गर्ने,

(ज) उत्पादन मिति, उपभोग्य मिति केरमेट गरेको वा पुनः लेबलिङ्ग वा छपाई गरेको छ\छैन हेर्ने । पुनः लेबलिङ्ग वा छपाई गरेको पाईएमा त्यस्तो वस्तु जफत गर्ने, वस्तुको प्रकृति अनुसार मुचुल्का गरी नष्ट गर्ने,

(झ) माछामासु, फलफूल, तरकारी, मिठाई पसल, डेरी र होटल बधशाला वा माछा मासु विक्रिस्थल सफासुग्घर र मापदण्ड अनुसार छ\छैन हेर्ने । नभएमा कसुरको प्रकृति अनुसार सजग गराउने वा चेतावनी दिने तथा अटेरी गरेमा तोकिए बमोजिम दण्ड जरीवाना गर्ने,

(ञ) विक्रेता वा क्रेतालाई वस्तुको विलविजक जारी गरेको छ\छैन हेर्ने । विल अनिवार्य गर्न निर्देशन दिने ।

२. उपदफा १ विपरितका कार्य गरे वा गराएमा अनुसूची-५ बमोजिम कार्वाही हुनेछ ।

# परिच्छेद-४

## दर्ता, अनुमति, सिफारिस, नवीकरण र खारेजीसम्बन्धी व्यवस्था

**११. व्यवसाय दर्ता तथा स्वीकृति सम्बन्धी व्यवस्थाः**

१. नगरपालिका क्षेत्रभित्रबिक्री वितरण गर्ने उद्धेश्यले स्थापित वस्तु वा सेवाका उत्पादक, आयातकर्ता,ढुवानीकर्ता, सञ्चयकर्ता, सङ्कलनकर्ता लगायतका प्रदायक वा आफ्नोकारोबार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालन गर्नुपर्ने छ ।

२. नगरपालिका क्षेत्रभित्र कुनै वस्तु वा सेवा व्यवसाय गर्नेउद्धेश्यले स्थापित हाटबजार, होमस्टे, महोत्सव, मेला वा पर्यटनसँगसम्बन्धित ग्रापटीङ्ग, क्यानिङ, प्यारागलाइडिङ लगायतका व्यवसाय कारोबार सञ्चालन गर्दा नगरपालिकामा दर्ता वा अनुमति लिई कारोबार सञ्चालनगर्नुपर्ने छ ।

३. प्रदायक वा बिक्रेताले आफुले सञ्चालन गर्ने कारोबारको प्रचलितसङ्घ र प्रदेश कानुनबमोजिम दर्ता स्वीकृति लिनुपर्ने भए लिएको प्रमाणसमेत आवेदनका साथ पेश गर्नुपर्ने छ ।

४. उपदफा (१) र (२) बमोजिम पेश भएको दर्ता वा अनुमतिको आवेदन उपर नगरपालिकाले छानबिन गरी दर्ता गर्न मिल्ने भए दर्ता गरीदर्ता प्रमाणपत्र उपलब्ध गराउने छ । दर्ता वा अनुमति दिन नमिल्ने भएसोको स्पष्ट कारणसहित आवेदन दर्ता भएको मितिले सात दिन भित्र आवेदकलाई जानकारी गराउनुपर्ने छ ।

५. कुनै वस्तु वा सेवाको प्रदायक वा बिक्रेताका हकमा दर्ता वाअनुमति प्रदान गर्नुअघि कुनै निश्चित सर्तपालना गर्नुपर्ने वा तालिम वा अभिमुखीकरण लिनुपर्ने गरी कार्यपालिकाले दर्ता वा अनुमतिसम्बन्धीऐन निर्धारण गर्न सक्नेछ ।

६. नगरपालिका क्षेत्र भित्र कुनै उद्योग वा वस्तु वा सेवा प्रदान गर्नेउद्धेश्यले कसैले प्रचलित कानुनबमोजिम कुनै फर्म, कम्पनी ,एजेन्सी, संस्थादर्ता गर्न चाहेमा नगरपालिकाले आवश्यक सिफारिस गर्न सक्नेछ ।

७. दर्ता अनुमति तथा सिफारिससम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१२. दर्ता नवीकरण गर्नुपर्नेः**

१. दफा ११ बमोजिमका नगरपालिकामा दर्ता गरिएका उद्योग, फर्म, पसल, कारोबार, व्यवसाय, हाटबजार मेला, महोत्सव, पर्यापर्यटन जस्ता प्रदायकले प्रत्येक वर्ष तोकिए बमोजिम लाग्ने शुल्क वा दस्तुर बुझाई दर्ता वा अनुमति नवीकरण गर्नुपर्ने छ ।

**१३. दर्ता तथा अनुमति खारेजी सम्बन्धी व्यवस्थाः**

१. नगरपालिकामा दर्ताभएका वस्तु वा सेवा प्रदायकको अनुमति देहायको अवस्थामा खारेज गर्नसकिनेछः

(क) उद्देश्य विपरीत काम गरेमा,

(ख) यस ऐन तथा यस ऐन अन्तरगतको नियमको कम्तिमा तीनपटक उल्लङ्घन गरेमा,

(ग) स्वीकृति बेगर तोकिएको स्थानभन्दा अन्यत्रै कारोबार सञ्चालन गरेमा,

(घ) आफुले उत्सर्जन गरेको फोहोर वा अन्य पदार्थको उचित व्यवस्थापन नगरेमा वा वातावरणमा हानि नोक्सानी पुग्राएमा,

(ङ) अनुचित व्यापारिक क्रियाकलाप गरेमा,

(च) उपभोक्ता स्वास्थ्यलाई हानि पुर्याउने कुनैपनि किसिमका कार्यहरुहरु गरेमा,

(छ) तोकिएका अन्य कुराहरु ।

२. दर्ता तथा अनुमति खारेज गर्नुअघि वस्तु तथा सेवा प्रदायकलाई सुनुवाइको मौका प्रदान गर्नुपर्ने छ ।

३. उपदफा (१) बमोजिमको खारेजको निर्णयउपर सम्बन्धित व्यवसायीले थाहा पाएको मितिले २१ दिनभित्र प्रमुख समक्ष पुनरावेदन गर्नसक्नेछ ।

४. उपदफा (३) बमोजिम प्रमुखले गरेको निर्णय अन्तिम हुनेछ ।

५. दर्ता वा अनुमतिको खारेजी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१४. प्रदायकले उद्योग, फर्म, पसल, व्यवसाय सञ्चालन मापदण्ड पालनाः**

१. प्रचलित कानुनले तोकेको गुणस्तर वा मापदण्ड भित्र रही उद्योग, फर्म, व्यवसाय, कारोबार, सेवा प्रदानस्थलको पूर्वाधार तयार गरी सेवा प्रदायकले व्यवसाय सञ्चालन गर्नुपर्ने छ ।

२. उपदफा (१) बमोजिम गुणस्तर वा मापदण्ड नतोकिएको हकमा नगरपालिकाले तोकेको मापदण्ड वा सर्तपालना गर्नुपर्ने छ ।

# परिच्छेद- ५

## उजुरी सम्बन्धी व्यवस्था

**१५. उजुरी दिन सक्नेः-**

१. कुनै वस्तु वा सेवाको विक्रेता वा प्रदायकले उपभोक्ताको हित विपरित व्यापारिक क्रियाकलाप गरेको भनि कुनै पनि व्यक्ति वा संस्थाले उपभोत्ता हित संरक्षण समिति वा बजार अनुगमन टोली वा कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा वा कार्यालयमा मौखिक वा लिखित सूचना वा उजुरी दिन सक्ने छ,

२. उपदफा (१) बमोजिमको निकायले उजुरी वा सार्वजनिक सञ्चार माध्यमबाट प्राप्त सूचनालाई उजुरीको रूपमा ग्रहण गरिने छ,

३. उपदफा (१) वा (२) बमोजिमको उजुरी वा अन्य कुनै सरकारी निकायबाट अनुगमनको लागि लेखि आएमा सो लाई समेत उजुरीको रूपमा ग्रहण गरी बजार अनुगमन टोलीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ,

४. उपदफा (३) बमोजिम अनुगमन तथा निरिक्षण गर्दा विक्रेता वा सेवा प्रदायकले प्रचलित कानून वा मापदण्ड विपरित व्यापारिक क्रियाकलाप गरेको पाइएमा तत्काल प्रचलित कानूनबमोजिमकारवाही चलाउनु पर्नेछ,

५. उपदफा (४) बमोजिम अनुगमन टोलीले गरेको काम कारवाहीमा चित्त नबुझेमा विक्रेताले प्रचलित कानून बमोजिम नगरपालिकाको उपप्रमुख वा न्यायिक समिति समक्ष लिखित रुपमा उजुरी दिन सक्नेछ,

## परिच्छेद- ६

## बजार अनुगमन प्रकृया

**१६. अनुगमनको पूर्व तयारीः-**

१. अनुगमन टोलीले अनुगमन गर्नु पूर्व देहाय बमोजिमको तयारी गर्नु पर्नेछः-

(क) निरीक्षण वा अनुगमनमा जानु पूर्व अत्यावश्यक वस्तु तथा सेवा मध्ये कुन कुन विषयलाई पहिलो प्रथमिकतामा राख्ने भन्ने किटान गरी विषयसूची तयार गर्नुपर्नेछ ।

(ख) अनुगमनमा जाँदा अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन नियमहरू, विवरण र चेकलिस्ट साथै लिइ जानुपर्नेछ ।

(ग) वस्तु तथा सेवाको आपूर्ति, विक्री वितरण, मूल्य, गुणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गर्नुपर्नेछ ।

(घ) अनुगमन वा निरीक्षण गर्न जानु अगावै तालिका बनाई आवश्यक पर्ने साधन सुरक्षा आदिको पूर्व तयारी गर्नुपर्नेछ ।

(ङ) वस्तु तथा सेदवाको आपुर्ती, विक्रि वितरण, मुल्य गूणस्तर आदिको बारेमा पर्याप्त सूचना र जानकारी हासिल गरेको हुनुपर्नेछ ।

**१७. बजार अनुगमन गर्ने प्रकृयाः**

१. बजार अनुगमन गर्दा अनुगमनमा खटिइ जाने व्यक्तिले आफ्नो परिचय पत्र देखाई बजार अनुगमन गर्नुपर्नेछ । अनुगमन टोलिका संयोजकले अनुगमनको आवश्यकता बारे जानकारी गराउनु पर्नेछ र सम्बन्धित व्यवसायीले बिना कुनै अवरोध अनुगमन गर्न दिनु पर्नेछ ।

२. उपदफा (१) बमोजिम बजार अनुगमन गर्दा सम्बन्धित व्यवसायीले बाधा बिरोध गरेमा बाधा बिरोध गर्नेलाई प्रचलित कानून बमोजिम तत्कालै कारवाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न वा लेखी पठाउन सक्नेछ ।

३. अनुगमन टोलीले बजार अनुगमन गर्दा वस्तु वा सेवाको नमूना संकलन गर्नुपर्ने देखिएमा प्रचलित कानून बमोजिम नमूना संकलन गरी सोको यथार्थ विवरण खुलाई सम्भव भएसम्म

सम्बन्धित व्यवसायीको समेत दस्तखत भएको स्थलगत अनुसुचि-४ बमोजिमको मुचुल्का बनाउनु पर्नेछ ।

४. उपदफा ३ बमोजिमको मुचुल्कामा सम्बन्धित व्यवसायीले दस्तखत गर्न नमानेमा सोही व्यहोरा जनाई उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का तयार गरी आवश्यकता अनुसार सिलबन्दी समेत गरी परीक्षणको लागि यथासिघ्र सम्बन्धित निकायमा नमूना सहित लेखि पठाउनुपर्नेछ ।

५. अनुगमन टोलीले बजार अनुगमन गर्दा तत्काल केही सुधार गर्नुपर्ने देखेमा सम्बन्धित व्यवसायीलाई दफा १४ बमोजिम आवश्यक स्थलगत लिखित निर्देशन दिई निश्चित समयभित्रमा सुधार गर्न लगाउन सक्नेछ ।

६. बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा कुनै वस्तु तत्काल नष्ट नगरे जनस्वास्थ्यमा असर पर्ने देखिएमा त्यस्ता वस्तुको नमूना संकलन गरी प्रमाणको रूपमा सुरक्षित राखि अरू प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया पुग्राई सम्बन्धित व्यवसायी र उपस्थित व्यक्तिहरूको रोहवरमा मुचुल्का गरी वातावरणमा असर नपर्ने गरी त्यस्तो वस्तु नष्ट गर्नुपर्नेछ । संकलित नमूना आवश्यकता अनुसार परिक्षणका लागि प्रयोगशालामा पठाउन सकिनेछ ।

## परिच्छेद-७

## दण्ड जरिवाना

**१८. कसुर गरेको मानिनेः-**

१. कसैले देहायको काम कारबाही गरे वा गराएमा यस ऐन अन्तरगतको कसूर गरेको मानिनेछः

(क) दफा १० विपरीत बस्तु वा सेवाको कारोबार सञ्चालन गरे, गराएमा ।

(ख) दफा ११ विपरीत दर्ता वा अनुमति नलिई कारोबार सञ्चालन गरे, गराएमा ।

(ग) दफा १२ बमोजिम नवीकरण नगरी कारोबार सञ्चालन गरे, गराएमा ।

(घ) दफा १४ बमोजिम गुणस्तर वा मापदण्ड पूरा नगरी कारोबार सञ्चालन गरे, गराएमा ।

(ङ) दफा १३ बमाजिम अनुचित व्यापारिक क्रियाकलाप गरे, गराएमा ।

**१९. तत्काल कारबाही गरिनेः-**

१. बजार अनुगमन टोलीले बजार अनुगमन गर्दा सेवा वा वस्तु राखेको स्थानको नियमानुसार जाँचबुझ वा खानतलासी गर्न सक्नेछ । खानतलासीबाट वस्तु वा सेवाको विक्री वितरणमा अनुचित वा अनियमित कार्य गरेको पाइएमा आवश्यकता अनुसार त्यस्तो सेवा वा वस्तुको प्रयोग वा बिक्री वितरणमा रोक लगाउन सक्नेछ तथा त्यस्ता बस्तु अनुगमन टोलीले कब्जामा लिई अनुसूचि- ५ अनुसार कार्यवाही अगाडि बढाउने छ ।

२. अनुगमन गर्दा कुनै कानूनी कारवाही गर्नुपर्ने देखिएमा अनुगमन टोलीले सम्बन्धित व्यवसायीसँग तुरून्त लिखित स्पष्टीकरण माग गर्न सक्नेछ ।

३. अनुगमन टोलीको प्रतिवेदन वा नमूना परीक्षणबाट मुद्दा दायर गर्नुपर्ने देखिएमा अनुसुचि-६ बमोजिमको बढिमा १५ दिनको तारेखमा राखि प्रचलित कानून बमोजिम अनुसन्धान तहकिकातको लागि निरीक्षण अधिकृत तोक्ने गरी मुद्दा दायर गर्न समितिबाट निर्णय गराई यथाशिघ्र अभियोजन अधिकारी समक्ष आवश्यक कागजात सहित लेखी पठाउनु पर्नेछ ।

४. उपदफा (३) बमोजिम लेखि आएमा सम्बन्धित अधिकारीले प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गरी सामान्य प्रकृतिको मुद्दा न्यायिक समितिमा मुद्दा दायर गर्नुपर्नेछ ।तर न्यायिक समितिबाट सम्पादन हुन नसकेका मुद्दा नेपाल सरकारको प्रचलित संघिय कानून बमोजिम हुनेछ ।

५. दफा (१) बमोजिम अनुगमन टोलीले अखाद्य वस्तु वा अन्य वस्तु नष्ट गर्दा लागेको खर्च सम्बन्धित व्यवसायीले नै व्यहोर्नु पर्नेछ ।

६. अनुगमन गरिएका माल वस्तुको प्रकृति अनुसार मुचुल्का उठाउनु पर्नेमा मुचुल्का उठाउने, चेकलिष्ट अनुसार भए नभएको हेर्ने र नमूना परीक्षण लिनुपर्ने भएमा स्थानीय सरकार संचालन ऐन, २०७४ वा नगर सभाबाट स्विकृत कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा खाद्य नियमावली, २०२७ को नियम १० वा उपभोक्ता संरक्षण नियमावली, २०५६ को नियम २७ अनुरूप वा नेपाल गुणस्तर ऐन, २०३७ वा प्रचलित कानून बमोजिम नमूना संकलन गर्नुपर्नेछ ।

७. खाद्य प्रशोधन गर्न आवश्यक पर्ने कुनै उपकरण जडान भै कुनै वस्तु वा पदार्थको उत्पादन गरिएकोमा अनुगमन गर्ने निकायले उत्पादन प्रशोधन कानून सम्मत भए नभएको हेरी नभएको भए त्यस्तो स्थानमा सिलवन्दी गर्न सक्नेछ । यसरी सिलबन्दी गरिएकोमा प्रशोधन उद्योगलाई निश्चित समयावधी दिई आवश्यक मापदण्ड पूरा गरी सुधार गर्न निर्देशन दिन सकिनेछ ।

८. उपदफा ७ बमोजिम निर्देशन दिएकोमा उद्योगले सुधारात्मक कार्यहरू गरी सिलबन्दी हटाई पाउँ भनी कार्यालयमा निवेदन दिएमा कार्यालयको टोलीले बजार अनुगमन गराई सुधार भएको पाइएमा सिलबन्दी हटाई दिन सक्नेछ ।

९. वस्तु वा सेवा क्षेत्रमा अनुचित व्यापारिक क्रियाकलाप (Unfair Trade Practices), कानूनद्धारा नियन्त्रित वा निषेधित व्यापारिक क्रियाकलाप (Restrictive Trade Practices) र एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप (Monopolistic Trade Practices) भए नभएको विषयमा समेत अनुगमनका क्रममा हेर्नुपर्नेछ ।

# परिच्छेद -८

## अनुगमनकर्ताको आचार संहिता

**२०. आचार संहिताः बजार अनुगमन गर्न जाने अनुगमन टोलीले निम्न बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछः-**

१. अनुगमन टोलीले अनुगमन गर्ने स्थल र अनुगमन गरिने वस्तुको बारेमा सो कार्यमा संलग्न सदस्यहरू बाहेक अरू कसैलाई पनि सो बारेमा पूर्व सूचना वा जानकारी गराउनु हुँदैन,

२. अनुगमनमा खटिने व्यक्तिले आफ्नो नातागोता वा इष्टमित्र कहाँ अनुगमन गर्न जानु हुँदैन,

३. अनुगमन कार्यमा संलग्न कुनै पनि सदस्यले अनुगमन गर्ने विक्रेता व्यवसायीबाट कुनै पनि किसिमको चन्दा, दान, दातव्य वा उपहार स्वीकार गर्नु हुँदैन,

४. अनुगमन गर्न जाँदा प्रदायकहरूले दिएको सुविधा तथा आतिथ्य स्वीकार गर्नुहुँदैन,

५. कुनै किसिमको प्रलोभन वा मोलाहिजामा पर्नु हुँदैन,

६. अनुगमनको कारवाही सम्बन्धी सूचना प्रवाह गर्दा अनुगमन टोलीको नेतृत्व गर्ने व्यक्तिबाट मात्र प्रवाह गर्नुपर्नेछ तथा अनुगमन टोलीमा रहने अन्य सदस्यहरूको जानकारी दिनु हुँदैन्,

७. बजार अनुगमन गर्दा अनुगमन टोलीका पदाधिकारीहरू प्रदायक समक्ष मर्यादित तरिकाले प्रस्तुत हुनुपर्ने र व्यवसायीको भण्डारण स्थल वा पसलबाट जथाभावी तरिकाले माल वस्तु निकाल्नु हुँदैन,

८. अनुगमन टोलीका कुनै सदस्यले अनुगमन सम्बन्धी कार्य गर्दा गोप्यता भङ्ग गर्ने लगायत अन्य कुनै गैरकानूनी काम गरेमा कर्मचारी भए प्रचलित कानून बमोजिम विभागीय कारवाही गर्न र अन्य व्यक्ति भए टोलीबाट हटाई प्रचलित कानून बमोजिम कारबाही गर्न सकिनेछ,

९. मानव अधिकारवादी संघसंस्था, उपभोक्ता हकहित संरक्षण कार्यमा संलग्न संस्थाहरू, विभिन्न सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी प्रतिनिधिहरूले अनुगमन कार्यलाई सहयोग पुग्ने गरी अनुगमन प्रक्रियाको स्थलगत अवलोकन गर्न सक्नेछन् । तर सामान जफत गर्ने, धुल्याउने वा नष्ट गर्ने वा सिलबन्दी गर्ने कार्यमा सम्बन्धित आधिकारिक कर्मचारी वा प्रहरीद्धारा नै कार्य सम्पन्न गर्नुपर्नेछ ।

# परिच्छेद -९

## विविध

**२१. बजार अनुगमन समितिको कार्यक्रम तथा बजेटः-**

१. नगरपालिकाले आफ्नो स्रोत साधन र जनशक्ति प्रयोग हुने गरी बजार अनुगमनका लागि आवश्यक कार्यक्रम र बजेट प्राथमिकताका साथ बार्षिक कार्यक्रममा समावेश गर्नु पर्नेछ,

२. नेपाल सरकारबाट बजार अनुगमनका लागि अनुदान प्राप्त भएमा सोही अनुसार कार्यक्रममा समावेश गर्नुपर्नेछ,

३. बार्षिक कार्यक्रममा उपभोक्ता सचेतनाको कार्यक्रम समेत समावेश गर्नुपर्नेछ,

४. बजार अनुगमनको क्रममा नमूना संकलन गर्दा प्रदायकलाई वस्तुको मूल्य भूक्तानी गरी बील लिनु पर्ने हुन्छ,

५. बजार अनुगमन टोलीमा खटिएका व्यक्तिहरूलाई भत्ताको व्यवस्थापन गर्न सक्नेछ ।

**२२. स्थानीय प्रशासनको कर्तव्यः-**

१. बजार अनुगमन गर्दा अनुगमन टोलीले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु सम्बन्धित स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।

**२३. असल नियतले गरेका काम बचाउः-**

१. यस ऐन बमोजिम बजार अनुगमन गर्दा असल नियतले गरेका कामको सम्बन्धमा टोलीका संयोजक तथा सदस्यहरू उपर कुनै कारवाही हुने छैन ।

**२४. प्रचलित कानून बमोजिम हुनेः-**

१. यस ऐनमा भएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने अन्य अनुगमन कार्यलाई बाधा पुग्राएको मानिने छैन ।

**२५. पुरावेदन गर्न सक्ने**

स्थानीय सरकार संचालन ऐन, २०७४ मा व्यवस्था भएकोमा सोही बमोजिम अन्यथा प्रचलित कानून (उपभोक्त हित संरक्षण ऐन नियम, खाद्य ऐन नियम, औषधी विक्री वितरण सम्बन्धी ऐन नियम, कालो बजारी तथा अन्य केही सामाजिक अपराध तथा सजाय ऐन, मासु जाँच ऐन,

लगायतका) अधिनमा रही बजार अनुगमनबाट दोषी पाइएका व्यवसायी उपर कानुनी कारवाही र दण्ड सजाय गर्नु पर्नेछ ।

**२६. प्रतिवेदनः-**

१. बजार अनुगमनको मासिक प्रगति प्रतिवेदन दफा ७ को उपदफा ५ बमोजिम तयार गरि कार्यालयमा बुझाउनु पर्नेछ।

**२७. बाधा अड्काउ फुकाउने अधिकारः**

१. यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा उपभोक्ता हित संरक्षण तथा मूल्याङ्कन समितिको वैठकबाट निर्णयको सिफारिस भई नगरप्रमुखवाट वाधा अड्काउ फुकाई आउने नगरसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**२८. संशोधन तथा नियमावलि वा कार्यबिधिका सम्बन्धमाः**

१. यस ऐनमा थपघट गर्ने तथा अनुसूचि हेरफेर गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही नगरसभाको हुनेछ ।

२. बजार अनुगमनका सम्बन्धमा आवश्यक नियमावलि, वा कार्यविधिको निर्माण गरी कार्यपालिकाबाट स्विकृत गराई लागु गर्न सकिने छ ।

**२९. खारेजी र वचाउः**

१. यो ऐन जारी हुनुभन्दा अगाडी प्रचलित कानून बमोजिम भएका काम कारवाही यसै ऐन वमोजिम भएको मानिनेछ ।

२. यो ऐन जारी भएपछि “बजार अनुगमन सम्बन्धि नीयमावली,-२०७५” स्वतः खारेज हुनेछ ।

## अनुसूची-१

### (दफा ८ को उपदफा ५ सँग सम्बन्धित)

### विषयः- बजार अनुगमनको मासिक प्रतिवेदन ।

आज मिति २० \ \ देखि २० \ \ सम्म निम्न स्थानहरूमा बजार अनुगमन गर्दा निम्नानुसार देखिएको व्यहोरा अनुरोध छ ।

| सि. नं. | अनुगमन गरिएको स्थान | व्यवसायिक प्रतिष्ठा संस्थाको नाम | अनुगमन गरिएको क्षेत्र \ प्रकृति \ वस्तुहरू | अनुगमनको विवरण (परिणाम, अवस्था र अन्य कुरा) | सामानको जफत \ बरामदी | | नष्ट गरिएको वस्तु \ परिमाण | | सिलबन्दी गरिएको मात्रा \ संख्या | गरिएको नमुना संकलन मात्रा \ संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | नाम | परिमाण | नाम | परिमाण | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

बोधार्थः

श्री संयोजकज्यू,

उपभोक्ता हित संरक्षण समिति, इटहरी उप-नगरपालिका ।

## अनुसूची-२

## (दफा ९ को उपदफा १ सँग सम्बन्धित)

**(अ) अनुगमन गरिने वस्तुको वर्गिकरणः**

बजार अनुगमनको क्रममा बिभिन्न उपभोग्य वस्तु तथा सेवाको अनुगमन गर्नु पर्ने भएकाले उपभोग्य वस्तु तथा सेवाको निम्नानुसार वर्गिकरण गरिएको छ ।

**समूह "क" खाद्यान्न\माछा\मासुजन्य\तरकारी फलफूल\दैनिक उपभोग्य**

(१) खाद्यान्न तथा खाद्य पदार्थहरू नून, चिनी, चिया, कफी, मह, प्रशोधित पानी आदि ।
(२) अप्रशोधित, अर्धप्रशोधित वा प्रशोधित खाद्य पदार्थहरू,
(३) प्रशोधित खाद्य पदार्थ उत्पादन गर्न प्रयोग गरिने कच्चा पदार्थ,
(४) खाद्य पदार्थ उत्पादन गर्ने उद्योग,
(५) खाद्य पदार्थ बिक्री वितरण गरिने बिक्रीस्थल र भण्डारगृह वा संचय स्थल,
(६) खाने तेल, घिउ (वनस्पती घिउ समेत),
(७) दुध तथा दुग्ध पदार्थहरू र दुध प्याकिङ्ग गर्न प्रयोग हुने प्लाष्टिक पाउचहरू,
(८) माछा, मासु, अण्डा,
(९) मसलाजन्य पदार्थहरू (जिरा, मरिच, अदुवा, लसुन, धनिया, बेसार, ज्वानो, मेथी, ल्वाङ,सुकुमेल, अलैंची, दाल्चिनी र खुर्सानी लगायतका मसलाको रूपमा उपभोग गरिने पदार्थहरू)

**समूह "ख" औषधी एवं स्वास्थ्य सेवा**

(१) औषधी तथा औषधीजन्य पदार्थहरू (पशुपंक्षी औषधी तथा जडिबुटीमा आधारित औषधी समेत),
(२) औषधी उत्पादन गर्ने उद्योग तथा बिक्री वितरण गरिने स्थल,
(३) अस्पताल, नर्सिङहोम, क्लिनिक आदि स्वास्थ्य सेवा प्रदायक सस्थाहरु ।

**समूह "ग" रासायनिकमल\विषदी\विउ बिजन\कृषि औजारः**

(१) पशुपंक्षी आहार र त्यसमा प्रयोग हुने कच्चा पदार्थहरू समेत,
(२) रासायनिक मल, विषादी, बिउविजन, कृषि औजारहरु,

**समूह "घ" इन्धनः**

(१) इन्धन भण्डारण, पेट्रोलियम पदार्थको नापतौल, गुणस्तर मूल्य तथा मापदण्डहरूको परिपालना,

**समूह "ङ" निर्माण सामाग्रीः**

(१) ढुङ्गा, इटा, गिट्टी, बालुवा लगायतका निर्माण सामाग्री तथा सोसँग सम्बन्धित उद्योग, भण्डारण स्थल र बिक्री वितरण स्थल ।

**समूह "च" शैक्षिक सामाग्रीः**

(१) पाठ्य सामग्री, स्टेशनरी लगायतका शैक्षिक सामाग्रीहरु ।

(२) शिक्षा ऐन अनुसार विद्यालयहरुको शूल्क आदि ।

**समूह "छ" होटल\लज\रेष्टुरा\खाजाघर\चमेना गृह\लजः**

(१) होटल\रेष्टुरा\खाजाघर\चमेना गृह\लजको सरसफाइ तथा अन्य व्यवस्थापन,

(२) प्रशोधित र अप्रशोधित वस्तुहरुको भण्डारण,

(३) होटल, रेष्टुरा तथा मिठाई पसलहरूमा बिक्री हुने पकवान तथा प्याकेजिङ्ग गरी बिक्री हुने खाद्य पदार्थहरू, हल्का पेय पदार्थहरू, मदिराजन्य पदार्थ,

**समूह "ज" सुर्तिजन्य पदार्थः**

(१) सुपारी, पानपराग, सुर्ति, विडी, चुरोट तथा सुर्तीजन्य पदार्थ ।

**समूह "झ" नापतौलः**

(१) ढक, तराजु लगायतका नापतौलमा प्रयोग हुने उपकरणहरू ।

**समूह "ञ" पशुपंक्षी हाट बजारः**

(१) पशुपंक्षी हाटबजार तथा बिक्री स्थल ।

**समूह "ट" सौन्दर्य सामाग्रीः**

(१) विभिन्न प्रकारका सौन्दर्य सामाग्रीहरु

(२) हेन्डसम पार्लर, व्यूटि पार्लर तथा सैलुन आदि ।

**समूह "ठ" विद्युतीय सामानहरुः**

(१) विद्युतीय सामानहरू,

(२) इलेक्ट्रनिक्स सामानहरू ।

**<u>समूह “ड” रङ्ग\रोगनः</u>**

(१) विभिन्न कम्पनिका भवन सम्बन्धि रङ्ग र रङ्ग रोगन संबन्धी सामाग्रीहरु ।

**<u>समूह “ढ” गरगहनाः</u>**

(१) सुन, चाँदि, हिरा, मोती, जवाहरत तथा सो बाट निर्मित गरगहनाहरुको नापतौल एंव गुणस्तर ।

**<u>समूह “ण” सवारीसाधन</u>**

(१) ट्याक्सी मिटर शुल्क र रिक्सा, नगरबस आदिको भाडा आदि ।
(२) इसवारी साधन, रीक्सा आदी ।

**<u>समूह “त” अन्यः</u>**

(१) अन्य उपभोग्य वस्तुहरूको उत्पादन स्थल, प्रशोधन स्थल, ढुवानीको अवस्था, बिक्री स्थलहरू,

**(आ) अनुगमन गरिने सेवाको विवरणः**

(१) व्यापारिक सेवा
(२) संचार सेवा,
(३) स्थल यातायात तथा हवाई सेवा,
(४) बिद्युत सेवा,
(५) खानेपानी सेवा,
(६) विज्ञापन सेवा अन्य उपभोग्य सेवाहरू,
(७) स्वास्थ्य सेवा,
(८) शिक्षा सेवा,
(९) वित्तिय सेवाहरु आदी।

## अनुसूची- ३
## (दफा ९ को उपदफा २ सँग सम्बन्धित)
## दैनिक बजार अनुगमन फारम

(बजार अनुगमन फारमको प्रमाणित प्रति सम्बन्धित व्यवशायीलाई दिनु पर्नेछ।)

मितिः

व्यापारिक प्रतिष्ठानको नामः श्री

ठेगानाः

प्रोपाइटर वा फर्मधनीको नामः

फोन नं.

यस कार्यालयको नेतृत्वमा खटिएको बजार अनुगमन टोलीबाट तपाईको विक्रीस्थल\गोदाम\उद्योगको निरीक्षण गर्दा निम्न अनुरूपको स्थिति भेटिएकोले देहायअनुसार गर्नु गराउनु हुन निर्देशन दिइएको छ ।

| क्र.सं. | विवरण | भएको | नभएको | टोलीबाट दिइएको निर्देशन |
|---|---|---|---|---|
| १. मूल्य-सूची | | | | |
| २. साइनबोर्ड | | | | |
| ३. व्यवसायदर्ता\नवीकरण | | | | |
| ४. नापतौलको प्रमाण | | | | |
| ५. लेबलमा खुलाउनुपर्ने कुराहरू स्पष्ट उल्लेख भए\नभएको | | | | |
| ६. म्याद नाघेको सामाग्री | | | | |
| ७. स्थायी लेखा (PAN) नम्बर\VAT मा दर्ता | | | | |
| ८. बिक्री बिल दिने प्रक्रिया | | | | |
| ९. खाद्य अनुज्ञा-पत्र (खाद्य उद्योगको लागि) | | | | |

| | | | | |
|---|---|---|---|---|
| १०. मासुको गुणस्तर सन्तोषजनक | | | | |
| ११. मिठाईको गुणस्तर लगायतका पक्षहरू सन्तोषजनक | | | | |
| १२. ग्याँसको तौल, मूल्य लगायतका विषय सन्तोषजनक | | | | |
| १३. खरिद बिल | | | | |
| १४. यस अगाडिको निर्देशनमा पालना | | | | |
| १५. अन्य कैफियतपूर्ण स्थिति (खुलाउने) | | | | |

**निरीक्षण टोली**

(क) संयोजक श्री ..............................
(ख) सदस्य श्री ..............................
(ग) सदस्य श्री ..............................
(घ) सदस्य श्री ..............................
(ङ) सदस्य श्री..............................

**मथि उल्लेखित विवरण सही साँचो हो, ठीक छ भनी सही छाँप लगाउने**

उत्पादक\बिक्रेताको नाम:

सही:

प्रतिष्ठानको छाप

## अनुसूची-४
## (दफा १९ को उपदफा ३ सँग सम्बन्धित)
## मुचुल्का

सुनसरी जिल्ला इटहरी उप-नगरपालिका वडा नं. ...... टोल............................. मा खडा गरेको घटनास्थल\बरामदी\खानतलासी\शिलछाप लगाएको मुचुल्काः-

(१)उजुरी वा सूचनाको छोटकरी विवरणः-

(२) चार किल्ला सहित खानतलासी\बरामदी गरिएको चिज वस्तुको नमुना तथा ठाउँको विवरणः-

(३) बरामद भएको सामान\दोसीको विवरण\शिलछाप गरिएको विवरणः-

(क)

(ख)

(ग)

(घ)

(ङ)

(४) खानतलासी\बरामदी भएको देखे बमोजिम सहि छाप गर्ने साक्षीः- (नाम, वतन समेत)

(क)

(ख)

(ग)

(५) रोहबरमा बस्नेहरूको नाम, थर, उमेर, वतन र सहिछापः-

(क)

(ख)

(ग)

(६) निरिक्षण टालीलेले मेरो उद्योग, गोदाम,पसलमा अनुगमन गर्दा कुनै सामान हिनामिना भएको छैन । माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु तथा सामानहरू ....... उद्योग, गोदाम,पसलबाट बरामद भएको हो । साथै टोलीले लगाएको सिल थान......छाप भएको ठिक साँचो हो भनि सहिछाप गर्नेः-

(क)

(ख)

(ग)

(७) कार्य तामेली गर्नेः-

(क)

(ख)

(ग)

मितिः-

समयः-

## अनुसूची-५

(दफा १० को उपदफा २ तथा दफा १९ सँग सम्बन्धित)

### कसुर गर्ने वा गराउने लाई अनुगमनका क्रममा दिइने निर्देशन तथा गरिने कारवाही

| सि.न. | बिषय | पहिलो पटक | दोश्रो पटक | तेश्रो पटक | कैफियत |
|---|---|---|---|---|---|
| १ | दफा १० को उपदफा १ का लगि । | पाँच हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म | पचास हजार रुपैयाँ देखि दुई लाख पचास हजार रुपैयाँसम्म | व्यावसाय अनुमती रद्द वा प्रचलित संघिय कानून बमोजिम | |
| २ | दफा १९ को लागि | पाँच हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म | पचास हजार रुपैयाँ देखि दुई लाख पचास हजार रुपैयाँसम्म | व्यावसाय अनुमती रद्द वा प्रचलित संघिय कानून बमोजिम | |

## अनुसूची-६

### (दफा १७ को उपदफा ३ सँग सम्बन्धित)

### तारेख भरपाई

सुनसरी जिल्ला इटहरी उ.म.न.पा.मा.नगरकार्यपालिका मा मिति ........साल ....... महिना .... गते ..........रोज दिनको समय ..................बजे उपस्थित हुनेछु भनि सही छाँप गरी एक आपसमा लियौंदियौं।

<table>
<tr><th>बिषय</th><th>वादी</th><th>प्रतिवादी</th></tr>
<tr><td>नाम \ थरः</td><td>.....................................</td><td>.....................................</td></tr>
<tr><td>सहीः</td><td>.....................................</td><td>.....................................</td></tr>
<tr><td>ठेगानाः</td><td>.....................................</td><td>.....................................</td></tr>
<tr><td>सम्पर्क नं.</td><td>.....................................</td><td>.....................................</td></tr>
<tr><td>छाँपः</td><td></td><td><table><tr><th>दाँया</th><th>बाँया</th></tr><tr><td></td><td></td></tr></table></td></tr>
</table>

(कार्यालय प्रति)

**तारेख पर्चा**
**मुद्दा नं.**

**पक्ष वा वादीः-**

..........................जिल्ला.........................म.न.पा.\उ.म.न.पा.\न.पा.\गाउपालिका वडा नं. ............... मा स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा.वडा नं. ................बस्ने बर्ष ................को श्री .....................................का नाती\नातिनी श्री..................................का छोरा\छोरी.................................नामक व्यवसायका सञ्चालक तपाई श्री................................. मिति ....................... साल.........महिना ........... गते ..........रोज दिनको समय ..........बजे यस इटहरी उपमहानगरपालिकाको कार्यालयमा अनिवार्य उपस्थित हुनेछु भनि सही छाँप गरि दिएको तारेक पर्चा। अन्यथा कानून बमोजिम हुन जानेछ ।

**<u>तारेख पर्चा दिनेको</u>**

**सहि\छाँपः-**

**पदः-**

**नामः-**

---

**तारेख पर्चा**
**मुद्दा नं.**

**विपक्ष वा प्रतिवादीः-**

..........................जिल्ला.........................म.न.पा.\उ.म.न.पा.\न.पा.\गाउपालिका वडा नं. ............... मा स्थायी घर भई हाल सुनसरी जिल्ला इटहरी उ.म.न.पा.वडा नं. ................बस्ने बर्ष ................को श्री .....................................का नाती\नातिनी श्री..................................का छोरा\छोरी.................................नामक व्यवसायका सञ्चालक तपाई श्री................................. मिति ....................... साल.........महिना ........... गते ..........रोज दिनको समय ..........बजे यस इटहरी उपमहानगरपालिकाको कार्यालयमा अनिवार्य उपस्थित हुनेछु भनि सही छाँप गरि दिएको तारेक पर्चा। अन्यथा कानून बमोजिम हुन जानेछ ।

**<u>तारेख पर्चा दिनेको</u>**

**सहि\छाँपः-**

**पदः-**

**नामः-**